# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर

**स्थापना: २०७३**

कोशी प्रदेश, नेपाल

**(कार्यपालिका बैठक)**

मिति: २०८२/०५/०६

**बैठक सुरु समय: विहान ८ बजे**

**बैठक संख्या: ३**

**बैठकको अध्यक्षता: बृज हाङ आङ्देम्बे**

**उपस्थिति:**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सिं नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.वा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री जसिमाया कमिनी | सदस्य | |
| १६ | श्री देवी तुम्बापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३
कोशी प्रदेश, नेपाल
(कार्यपालिका बैठक)

**फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०५/०६ गते बसेको तेस्रो बैठकका निर्णयहरू**

**प्रस्ताव नं.१**

फालगुनन्द गाउँपालिकाको कार्यालय पाँचथरमा एम.आई.एस. अपरेटर पदमा कार्यरत श्री खेम न्यौपानेको करार सम्झौता थप सम्बन्धमा।

**निर्णय नं.१**

फाल्गुनन्द गाउँपालिकाकाको कार्यालय पाँचथरको पञ्जिकरण तथा सामाजीक सुरक्षा शाखामा कार्यरत श्री खेम न्यौपानेको करार सम्झौता मिति २०८२।०३।३२ गते सकिएको हुनाले निजको करार सम्झौता पुन थप नगर्ने निर्णय गरियो । साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागमा सोहि व्यहोराको जानकारी पठाउने निर्णय गरियो।

**प्रस्ताव नं.२**

फाल्गुनन्द गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी,२०७५ को दोस्रो संशोधन सम्बन्धमा।

**निर्णय नं.२**

फाल्गुनन्द गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी,२०७५ मा देहायनुसार दफा ११ मा थप गरी दोस्रो संशोधन गर्ने:

दफा ११ ईजाजतपत्रको नविकरण सम्बन्धी व्यवस्थामा ईजाजतपत्रको प्रतिलिपि र नामसारी तथा ठाउँसारी सम्बन्धी व्यवस्था थप गरी उपदफा ५ पछि उपदफा ६ र उपदफा ७ थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.३**

श्री जनकल्याण मा.वि. फाल्गुनन्द-५ को नि.मा.वि. तृतीय श्रेणिको सामाजीक विषयको दरबन्दीलाई अंग्रेजि विषयमा परिवर्तन गर्ने सम्बन्धमा।

**निर्णय नं.३**

श्री जनकल्याण मा.वि. फाल्गुनन्द-५ को नि.मा.वि. तृतीय श्रेणिको सामाजीक विषयको दरबन्दीलाई सोहि तहको अंग्रेजि विषयमा परिवर्तन गर्नका लागी गाउँपालिकामा पेश गरेको निवेदन का आधारमा सो विषयलाई परिवर्तन गर्न सिफारीस गर्ने निर्णय गरियो।

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर

स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

प्रस्ताव नं.४

ल्यावसेवा सञ्चालन भएका स्वास्थ्य संस्थाहरूमा ल्याव सामाग्री माग गर्ने सम्बन्धमा ।

निर्णय नं.४

ल्यावसेवा सञ्चालन भएको स्वास्थ्य चौकी ईम्बुङ फाल्गुनन्द गाउँपालिका वडा नं.२ मा नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा आवश्यक ल्याव सामाग्री माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५

"घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र स्वीकृत गरी विरतण गर्ने सम्बन्धमा ।

निर्णय नं.५

YKS CONSTRUCTION AND INVESTMENT PVT LTD, Phalgunanda-1, Panchthar ले फाल्गुनन्द गाउँपालिकाको कार्यालयमा पेश गरेको निवेदन र सम्बन्धित समितीको राय सिफारिस समेतका आधारमा सो संस्थालाई फाल्गुनन्द गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी,२०७५ को दफा ११ बमोजिम ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।